नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-२३५ दायर मितिः-२०८१/१०/०३**

**फैसला मितिः-२०८१/११/१५**

| वादी | प्रतिवादीहरु |
| --- | --- |
| मन्टु मण्डलको जाहेरीले नेपाल सरकार.........................१ | जिल्ला पर्सा बीरगंज महनागरपालिका वडा नं.१६ ईनर्वा टोल वस्ने मंगल पासवानको छोरा वर्ष २४ को राकेश पासवान समेत ३ जना.........१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीहरुले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.
२. प्रतिवादीहरुले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. हामीले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीहरु राकेश पासवान र रोहन साहको बयान कागज।
४. जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गरी घाईते बनाई अभद्र व्यवहार गरेकोले प्रतिवादीहरुलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका मदन साह समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादीहरु यस कार्यालयमा उपस्थित भई गरेको बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा प्रतिवादीहरु रोहन साह र शिवम सर्राफले ईन्कारी बयान गरेतापनि मिति २०८१।०९।२४ गते अं.२०:३० बजेको समयमा जिल्ला पर्सा विरगंज महानगरपालिका वडा नं.१६ बाईपास रोडमा प्रतिवादीहरु राकेश पासवान, रोहन साह र शिवम सर्राफ समेतले म जाहेरवालालाई अश्लिल शव्दमा गाली गलौज गर्दै घेरा हाली लात, मुक्का, फाईट समेतले प्रहार गरी घाईते बनाई अभद्र व्यवहारको कसूर गरेको हुँदा निज प्रतिवादीहरुलाई कानून बमोजम कारबाही होस् भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीहरु राकेश पासवान र रोहन साहले गरेको बयान तथा प्रतिवादी राकेश पासवान यस कार्यालयमा उपस्थित भई गरेको साविती बयान समेतको आधारमा यी प्रतिवादीहरुले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी जाहेरवालालाई अश्लिल शव्दमा गाली गलौज हातपात समेत गरी प्रतिवादीहरुले अभद्र व्यवहारको गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु राकेश पासवान र रोहन साहलाई कैद दिन ८, जरिवाना जनही रु.५०००/- अक्षेरेपी पाँच हजार र क्षतिपूर्ती शुल्क जनही रु.२००/- अक्षेरेपी दुई सय मात्र र अर्का प्रतिवादी शिवम सर्राफलाई जरिवाना रु.७०००/- अक्षेरेपी सात हजार र क्षतिपूर्ती शुल्क रु.२००/- अक्षेरेपी दुई सय मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु राकेश पासवान र रोहन साहलाई ठहरेको कैद दिन ८ को हकमा निज मिति २०८१/०९/२४ देखि २०८१/१०/०२ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा प्रतिवादीहरु राकेश पासवान, र रोहन साह क्रमश र.नं. १९३/२०८१/१०/०३, १९४/२०८१/१०/०३ बाट दाखिला गरेको जनही धरौटी रकम रु.५२००/- बाट जरिवाना जनही रु.५०००/- र क्षतिपुर्ती शुल्क रु.२००/- र अर्का प्रतिवादी शिवम सर्राफले र.नं. २०५/२०८१/१०/०९ बाट दाखिला गरेको धरौटी रकम रु.७२८०/- बाट जरिवाना रकम रु.७०००/- र क्षतिपूर्ती शुल्क रु.२८०/- कट्टी गर्नु----------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याददिनु------------------------------------------------------------------------------------------१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-----------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-----------१

**गणेश अर्याल**
**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ फाल्गुन महिना १५ गते विहीवार रोज ५/ ने.सं. ११४५ सिल्लागा चतुर्दशी, शुभम् ........